# तिलागुफा नगरपालिका
# गाल्जे, कालिकोटको
# आठौं नगर सभामा प्रस्तुत आगामी आर्थिक बर्ष २०७७/०७८ को
# <u>वार्षिक प्रस्तावित नीति, कार्यक्रम तथा वजेट बक्तव्य</u>

प्रमुख अतिथि श्री ..................................ज्यू,
विशिष्ट अतिथि श्री ..................................ज्यू,
विशिष्ट अतिथि श्री ..................................ज्यू,
विशिष्ट अतिथि श्री ..................................ज्यू,
विशिष्ट अतिथि .श्री ..................................ज्यू,
विशिष्ट अतिथि श्री ..................................ज्यू,
राजनीतिक दलका केन्द्रीय समितिका सदस्यज्यूहरु,
जिल्ला स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यू हरु
भू.पू जनप्रतिनिधिहरु (साँसद,जि.वि.स सभापति, जि.वि.स.सदस्य, गा.वि.स अध्यक्ष)
नगर स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु ,
जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
नगरपालिकाका विषयगत समितिका संयोजकज्यूहरु
सम्पूर्ण नगर कार्यपालिकाका पदाधिकारीज्यूहरु ,
सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु
नगर शिक्षा समितिका पदाधिकारी ज्यूहरु ,
नगर स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
गै.स.स.का प्रमुख एवं प्रतिनिधि ज्यूहरु ,
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं प्रधानाध्यापक ज्यूहरु ,
यस नगरपालिकाका सम्पूर्ण बजार व्यवस्थापन समितिका अध्यक्ष एवं प्रतिनिधि ज्यूहरु ,
सम्पूर्ण नगरस्थित सामाजिक संजालका प्रमुख एवं प्रतिनिधि ज्यू, (महिला, दलित जनजाति,जेष्ठ नागरिक,वालवालिका, शहिद परिवार,घाइते )
पत्रकार बन्धुहरु,/सुरक्षाकर्मी /
यस नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु

साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी आगामी आर्थिक बर्ष २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा वजेट सार्वजनिकीकरण समारोहमा पाल्नु भएका सवै पेशा, वर्ग सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम तिलागुफा नगरपालिका,कालिकोटको तर्फवाट हार्दिक स्वागत गर्दछु ।

१. तिलागुफा नगरपालिकाको नगर प्रमुखका हैसियतले यस सम्मानीत नगरसभामा आ.व.०७७।७८ को बजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक युगमा ल्याउने क्रममा जीवन वलिदान गर्नु हुने सम्पूर्ण शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवंगत आदरणीय नेताहरुमा भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकतावद्ध रहेका महान नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्दछु ।
२. राज्य पूर्नसंरचनाको महत्वपूर्ण पक्ष मानिएको वित्तीय संघीयता कार्यान्वयनमा आएका कारण नै आज मैंले यो वजेट बक्तव्य राख्ने अवसर प्राप्त गरेको छु । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धति मार्फत नेपालको

संविधान २०७२ ले मार्ग निर्दिशित गरेका राज्यका मार्गनिर्देशक सिद्धान्त र यस नगरका प्राथमिकताहरुलाई ध्यानमा राखी स्थानीय तहको बजेट तर्जुमाका विभिन्न ७ वटा चरणहरु पार गर्दै नागरिकहरुले नगरका नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यबाट श्रोत, साधन र अवसरको अधिकतम् परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधार तय गरेको छु ।

३. मुलुकले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको जगमा वर्तमान नगर सरकार समृद्ध नगर, सुखी नगरवासीको आकांक्षा हासिल गर्ने मार्गमा दृढताका साथ अघि बढेको छु । यस क्रममा सामाजिक न्याय सहितको तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी नगरपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै अघि बढ्न यो नगरकार्यपालिका सदैब प्रतिवद्ध छ ।

४. विगत ३ वर्षको बजेट कार्यान्वयनबाट नगरका सबै वडामा सडक संजाल पुगिसकेको छ भने २ नं. वडा बाहेक अन्य वडाहरुमा यातायात सेवा नै पाउने अवसर नागरिकहरुले प्राप्त गरेका छन् । यसबाट समग्र नगरमा आर्थिक क्रियाकलाप, वचत गर्ने क्षमता, गरिवि निवारण तथा नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल विस्तारै देखिन थालेको छ । आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण कार्यमा तिव्रता आइरहेको छ । लगानीमैत्री वातावरणका कारण बजारीकरण विस्तार हुदै गएको छ । नगरको विकास र समृद्धिमा निजि तथा सहकारी क्षेत्रको उपस्थिति बलियो बनिरहेको सन्दर्भमा आगामी आर्थिक वर्ष ०७७।०७८ मा कूल बजेटको करिव १० प्रतिशत बजेट सहकारी क्षेत्रमा विनियोजन गरेको छु ।

५. आगामी आ.व.को वजेट तर्जुमा गर्दा हामीले हालसम्म हासिल भएका उपलब्धीहरु संस्थागत गर्दै नागरिकका सामाजिक तथा आर्थिक हित सम्वर्द्धन गर्न समान अधिकार, समान अवसर, श्रोत तथा साधनको समन्यायिक वितरण र सामाजिक सुरक्षाको विषयमा विशेष ध्यान दिएको छु । नगरपालिकालाई सुदृढ तथा प्रभावकारी बनाउन वडा कार्यालय तथा वडा समितिलाई संस्थागत बनाई नागरिकसँग निरन्तर जोडिरहने व्यवस्था मिलाएको छु । नगरवासीहरु वीच रहेको विद्यमान आर्थिक सामाजिक असमानता घटाउँदै दिगो र उच्च आर्थिक वृद्धि प्राप्त गर्ने दिशामा बजेटलाई केन्द्रित गर्ने प्रयास गरेको छु ।

सम्मानित सभाका पार्षद सदस्य ज्यूहरु ,

६. अब म आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेटका उद्देश्य तथा प्राथमिकता पेश गर्दछु । बजेटका उद्देश्यहरु निम्न रहेका छन् :

(१) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरुको शीघ्र परिपूर्ति गर्दै नगरवासीको जीवनोस्तरमा गुणात्मक सुधार गर्ने

(२) उपलब्ध श्रोत साधन, अवसर र क्षमताको उच्चतम् उपयोग तथा न्यायीक वितरण गर्दै सामाजिक न्याय सहितको द्रुत आर्थिक विकास गर्ने,

(३) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी आर्थिक वर्ष ०७९।०८० सम्ममा पूर्वाधारयुक्त कृषि तथा पर्यटकीय नगरपालिकाको दरिलो आधार निर्माण गर्ने परिकल्पना गरिएको छ ।

(४) यस नगरपालिकामा हाल विश्व भरिमहामारीको रुपमा फैलिएको कोरोना भाइरस १९ को रोकथाम तथा नियन्त्रणको लागि ११ ओटा क्वारेन्टाइन्हरु स्थापना गरी करिव १४०० नगर तथा नगर वाहिरका नागरिकहरुलाई स्वास्थ्य उपचार सहितको आवास र खानपिनको प्रबन्ध मिलाई हाल करिव १३८२ जना आफ्नो घर पूर्नस्थापन भई करिव १८ जनाले सेवा लिइरहेको अवस्थामा नगरलाई कोरोनामुक्त बनाउन ठोस निति तय गर्ने,

(५) यस नगरपालिकाका सबै क्वारेन्टाइनहरुमा रहेका नागरिकहरु मध्ये करिब पिसिआर प्रविधिबाट परिक्षण गरि १९ जनालाई कोरोना पोजेटिभ देखिएको सन्दर्भमा प्रदेश सरकार अन्तर्गतको जिल्ला अस्पताल कालीकोटसँग समन्वय गरी निजहरुको उपचार पश्चात निको भई हाल घर फर्किएको परिपेक्षमा यस

नगरको कोरोना सक्रमणको उच्च जोखिमबाट प्रारम्भिक सर्तकता सहितको ५० शैया आईसोलेसेन वार्ड निर्माण गरी सक्रमण फैलिएको खण्डमा नगरमै उपचार मिलाउने,

(६) कोभिड १९ र बन्दाबन्दीको कारणले नागरिकमा पर्ने गएको प्रत्यक्ष असरलाई मध्यनजर गर्दे करिव ३००० क्वीन्टल बराबरको खाद्य पदार्थ भण्डारीकरण गर्ने र न्यूनत्म ६ महिना सम्म पुग्ने आवश्यक पर्ने औषधि जन्यवस्तु मौजदात राखी भोकमारी र महामारीबाट नागरिकहरुलाई सुरक्षित राख्ने ।

(७) नगरलाई आर्थिक वर्ष ०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम खरको छानोमुक्त गर्ने सामूहिक अभियान पूरा गर्न चालु आ.व.मा करिव ३६ लाख बराबरको प्रति घर १० ओटा जस्तापाता वितरण गरि करिव नगरका ७६ वटा घरपरिवारहरु खरछाना मुक्त भएको अवस्था यस कार्यक्रमलाई आगामी आर्थिक वर्ष ०७७।०७८ मा निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

(८) बस्तीस्तरबाट आएका योजना तथा कार्यक्रमहरुको प्राथमिकिरण र राष्ट्रिय तथा प्रादेशिक योजना छनोटका मार्गदर्शन र प्राथमिकता आधारमा नागरिकको दैनिक जिवनसँग जोडिएका साझा कार्यक्रमहरुलाई मार्ग निर्देशित गरी क्षेत्रगत बजेट विनियोजन गर्ने,

(९) संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत नगरका ११ वटा वडाहरुका बेरोजगार घरधुरीहरुको पारिवारिक विवरण अध्यावधिक गरी रोजगारको अवसर सिर्जना गर्ने,

(१०) नगरको आधारभूत सर्भेक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा नगरको एकीकृत नगर विकास गुरुयोजना निर्माण गरी कृषि,पर्यटन, स्वास्थ्य,शिक्षा,सडक सञ्चाल, पशुपालन तथा सहकारी क्षेत्रका आयोजना तथा कार्यक्रमहरु तय गरी नगरको उच्च आर्थिक वृद्धि दर हाँसिल गर्ने ,

**श्रदेय पार्षद सदस्य ज्यूहरु ,**

यस नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को वार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित उद्धेश्यहरु हासिल गर्न मैले देहाय बमोजिमका निति तथा कार्यक्रमहरु प्राथमिकिकरण गरी पेश गरेको छु ।

(१) नगरभित्र रहेको चरम गरिवि, पिछडिएको क्षेत्र, वर्ग र समुदायको उत्थान तथा सामाजिक सुरक्षाका कार्यक्रमहरु विस्तार गर्दै लोक कल्याणकारी नगर सरकारको पहिचान निर्माण गर्न प्रबन्ध मिलाएको छु ।

(२) युवाहरुको व्यापक परिचालन गर्दे उत्पादनमूलक कार्यहरुमा बजेट विनियोजन गरी सामाजिक रुपान्तरणको अवधारणालाई आत्मसाथ गरिने छ र सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा नगरको पूँजी निर्माण, रोजगारी सृजना गरी आयवृद्धि गर्ने जस्ता कार्यक्रमहरु तय गरी लागु गर्न बजेट व्यवस्था गरेको छु ।

(३) यस नगरपालिकामा बेरोजगारी रहेका यूवाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि कार्यक्रमहरु तय गरी रोजगारीका सिर्जना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

(४) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पशुपालन पर्यटन लगायत आर्थिक र सामाजिक परिवर्तन सँग सरोकार राख्ने पूर्वाधार विकास योजना निर्माण गरी राष्ट्रिय तथा नगरस्तरीय मापदण्ड बमोजिमका नमुना पूर्वाधार विकास गरिनेछ ।

(५) विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नगरवासीलाई अनुभूति हुने सुशासन प्रवर्द्धनको प्रत्याभूति गरिने छ ।

(६) सिमित श्रोत, साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न वडा, नगर, सहकारी र निजि क्षेत्र विच लागत साझेदारीको लागि आवश्यक सहकार्यको प्रवन्ध मिलाई छ ।

(७) संघ र प्रदेश सरकारको अनुदानमा संचालित प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रम मार्फत चालु आव बजेटमा वैदेशिक बजेट प्राप्त नहुँदा लक्ष्य अनुसारको रोजगारी अवसर उपलब्ध गराउन नसकिएकोले आगामी आर्थिक वर्ष ०७७।०७८ मा सो कार्यक्रमहरु सँग लागत साझेदारी गरी करिव १०००। घरधुरीहरुलाई रोजगारको अवसर दिलाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

(८) नगरको आवश्यकता र प्राथमिकताको आधारमा संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त सिमित वित्तिय हस्तान्तरण अनुदानबाट आम नागरिकको मागलाई सम्बोधन गर्ने सक्ने नगरको क्षमता नरहेको सन्दर्भमा बस्ती स्तरबाट आएका योजना तथा कार्यक्रमहरुलाई विकास साझेदार संघीय सरकार, प्रदेश सरकार र गै.स.सहरुसँग लागत साझेदारी गरी नगरको कूल समानीकरण अनुदानलाई आर्थिक विकास तर्फ १५ प्रतिशत, समाजिक विकास तर्फ २५ प्रतिशत, वन वातावरण तर्फ ५ प्रतिशत, संस्थागत विकास तर्फ ५ प्रतिशत र पूर्वाधार विकास तर्फ ५० प्रतिशत बजेट प्रस्ताव गरेको छु ।

(९) नगरका हाल संचालित नगर स्तरिय क्रमागत योजनाहरुलाई १ नं प्राथमिकरणमा राखी लागत साझेदारी गर्नुपर्ने आयोजना तथा कार्यक्रमको हकमा आवश्यक पर्ने सम्पूरक कोषको प्रबन्ध मिलाएको छु ।

(१०) नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई पालिका स्तरीय सरुवा र विद्यालय मिलान गर्न आवश्यक मापदण्ड तयार गरी लागु गर्ने व्यवस्था मिलाएको छु ।

(११) संघीय सरकारबाट प्राप्त सिमित अनुदानबाट संचालित वालविकास केन्द्र र सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, शिक्षिका र महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन भत्ता स्वरुप आवश्यक थप बजेटको प्रबन्ध मिलाएको छ ।

(१२) नगरपालिकाका ११ वटै वडाहरुका नागरिकहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य सेवालाई प्रभावकारी ढंगले प्रवाह गर्न सामुदायिक घरदैलो स्वास्थ्य अभियानका कार्यक्रमहरु संचालन गर्ने र र सामुदायिक विद्यालयमा अध्ययनरत वालिकाहरुलाई सेनेटरी प्याड व्यवस्थापन र न्यूनतम् १००० घर पविारको स्वास्थ्य विमा कार्यक्रमहरु संचालन गर्न बजेट व्यवस्था गरेका छु ।

(१३) कोभिड १९ को संक्रमण न्यूनीकरण तथा रोकथामको लागि प्रत्येक वडाहरुमा रहेका क्वारेन्टाइन र आइसोलेसन वार्डलाई व्यवस्थित गरी सो संक्रमणबाट नगरवासिहरुमा पर्न आउने सम्भावित जोखिम न्यूनिकरण गर्न विशेष राहतका प्याकेजहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु

(१४) यस नगरपालिकामा रहेका लक्षित वर्ग महिला, दलित, जेष्ठ नागरिक, अपांग, एकल महिला आदिवासि,जनजाति,द्वन्दपिडित, घाइते अपांग र पिछडा वर्गको उत्थान गर्न लक्षित वर्ग कार्यक्रमलाई निरन्तरता दिदै आगामी आर्थिक वर्ष ०७७।०७८ मा थप बजेटको प्रबन्ध मिलाएको छु ।

(१५) नगरको आन्तरिक पर्यटनलाई प्रवर्द्धन गरी आर्थिक उन्नति गर्न नगरमा रहेका महत्वपूर्ण पर्यटकीय क्षेत्र पुग,मालिका,रुडु बञ्चु, तिलागुफा जस्ता पर्यटकीय क्षेत्रहरुको पर्यटन पूर्वाधार विकास गरी नगरको पर्यट विकासमा आवश्यक वजेट विनियोजन गरेको छु ।

(१६) नगरवासिहरुको यातायात सेवामा सहज पहूँच पुयाउन नगर स्तरीय नगर बस संचालनको लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

(१७) नगरपालिकाका आम नागरिकहरुको संविधान प्रद्धत्त सूचनाको हकलाई प्रवावकारी कार्यान्वयन गर्न नगर स्तरीय तिलागुफा एफ एम रेडियो सेवा संचालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

(१८) नगरवासिको स्वास्थ्य उपचारको सेवालाई मध्यनजर गरि नगर स्तरीय २५ शैयाको अस्पताल स्थापना गरी आवश्यक जनशक्तिको प्रबन्धको साथै सामुदायिक नसिंग सेवा संचालनको लागि बजेट व्यवस्था गरेको छु ।

(१९) प्रत्येक वडाहरुलाई उत्पादन क्षमताको आधारमा कृषि पकेट क्षेत्र कार्यक्रम तय गरी लागु गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएको छ ।

(२०) नगरपालिकाको शैक्षिक स्तर वृद्धि गर्न सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई सेवाकालिन तालिम तथा एकीकृत शैक्षिक प्याकेजका कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

(२१) नगरपालिकामा उच्च शिक्षा हाँसिल गर्न वाहिर जाने क्रमलाई न्यूनीकरण गर्न नगर स्तरीय बहुमुखी क्याम्पस संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

(२२) नगरका प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुको लागि चालु आ.व. ०७६।०७७ मा संचालित छात्रवृत्ति कार्यक्रमलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु ।

(२३) नगरपालिकामा रहेको बाँझो जग्गा उपयोगको लागि नगर स्तरीय भू उपयोग गरी कवुलियतिनामामा जग्गा हस्तान्तरण गरी उत्पादित बस्तुलाई बजारीकरण आवश्यक बजेटको व्यवस्था गरेको छु ।

(२४) नगरपालिकामा रहेका सबै वडाहरुमा हाल संचालित एक घर एक धारो कार्यक्रमलाई निरन्तरता दिदै थप बजेट व्यवस्थापनको लागि प्रदेश र संघीय सरकारबाट बजेट प्रवन्ध मिलाएको छु ।

(२५) यस नगरपालिकाका बालमैत्री नगर वडा घोषणा गर्न वाँकी रहेका वडाहरुमा वालमैत्री वडा घोषणा सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्व्यिन गर्न थप बजेटको प्रबन्ध मिलाई वाल मैत्री नगर घोषणाको लागि ठोस निति लिइनेछ ।

(२६) नगरपालिकाका स्थानीय कृषकहरुले उत्पादन गरेको स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न कोसेली घर स्थापना गरी संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

(२७) नगरपालिका स्तरीय आर्युवेदिक स्वास्थ्य सेवा संचालनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु ।

(२८) यस नगरपालिकाका सार्वजनिक महत्व बोकेका पाखेढुंगा छाप्रे गाल्जे सडक,गाल्जे ठिन्के सडक,भैसेगौडा रुडु सडक, बालुढुस्का देखि पुगमालिका सडक, तल्लो वाली देखि दार छेड्ना सडक,दियारे रोकायाबाडा हुँदै पुगमालिका पर्यटकीय सडकहरुको स्तरोन्नतिका कार्यहरुलाई निरन्तरता दिदै प्रदेश र संघीय सरकारको साझेदारीमा निर्माण कार्य सम्पन्न गर्न आवश्यक सम्पूरक कोषको व्यवस्था मिलाएको छु ।

(२९) यस नगरका आर्थिक विकास,सामाजिक विकास,वन तथा विपद् व्यवस्थापन,पूर्वाधार विकास र संस्थागत सुशासन तथा सेवा प्रवाहसँग सम्बन्धित हाल कार्यान्वयनमा रहेका निति,योजना तथा कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

(३०) यस नगरका सामुदायिक तथा राष्ट्रिय वनमा रहेका जडीबुटी,गैरकाष्ठ वन पैदावार र वन्यजन्तुहरुको संरक्षण, सम्वर्द्धन र न्यायोचित उपयोगको लागि ठोस कार्यक्रमहरु तय गरी लागु गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

(३१) नगरका सम्पूर्ण वडाहरुमा लघु उद्यम गर्ने चाहने इच्छुक उद्यमीहरुलाई सहकारी मार्फत लघु कर्जा तथा सहुलियत अनुदानका कार्यक्रमहरु संचालन गर्ने प्रबन्ध मिलाएको छ ।

(३२) स्थानीय श्रोत जडिवुटी, वनपैदावार, वालुवा, ढुंगा, गिटी निकासीलाई व्यवस्थित गर्न बोलकबोल प्रणाली अबलम्बन गर्ने नीति लिइनेछ ।नगरबाट हुने सबै प्रकारका ठेक्कालाई इविडिंग प्रणालीबाट प्रतिस्पर्धा गराउने गरी व्यवस्थित गरिनेछ ।

(३३) नगरपालिकाको आन्तरिक श्रोतलाई मजबुद बनाउन एकीकृत कर प्रणालीलाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याउन ठोस निति तर्जुमा गरि आम नागरिकहरुलाई एकद्धार करको प्रणालीमा समावेश गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

(३४) नगरले हाल वडा कार्यालय, सेवा केन्द्र मार्फत प्रवाह गर्दै आएका सेवाहरु चुस्त दुस्त गरी आम नागरिकलाई सुशासन कायम गर्न वडा तथा सेवा केन्द्रहरुमा नागरिक वडा पत्र,सार्वजनिक सुनुवाई,सार्वजनिक लेखापरीक्षण र उजुरी पेटीका राख्ने जस्ता कार्यक्रमहरु व्यवस्थाका लागि ठोस कदम लिइने छ ।

(३५) यस नगरपालिकाका ११ वटा वडाहरुका नागरिकहरुलाई सम्बोधन हुने गरी जनतासँग मेयर कार्यक्रम संचालन गरी जनताका आधारभूत समस्या समधान गर्न निश्चित मापदण्ड तयार गरी कार्यक्रम संचालन गर्नका लागि बजेटको व्यवस्था मिलाएको छु ।

श्रेद्धय पार्षद महोदय,

अब म आगामी वर्ष २०७७।०७८ को क्षेत्रगत प्रस्तावित बजेट तथा कार्यक्रमहरुको प्रस्तुत गर्न अनुमति चाहन्छु ।

| क स | शिर्षकहरु | कुल जम्मा |
|---|---|---|
| १ | आर्थिक विकास तर्फका योजना तथा कार्यक्रमहरु ( समानिकरण ) | १९४०५७४८ एक करोड चौरानब्बे लाख पाँच हजार सात सय अठचालीस रुपैया मात्र |
| २ | सामाजिक विकासका योजना तथा कार्यक्रमहरु (समानिकरण ) | ३५०९८००० तिन करोड पचास लाख अन्ठानब्बे हजार |
| ३ | पुर्वाधार विकासका योजना तथा कार्यक्रमहरु ( समानिकरण ) | ८०००००००० आठ करोड |
| ४ | वन वातानरण तथा विपद् व्यवस्थापनका योजना तथा कार्यक्रम (समानिकरण ) | १५०००००० एक करोड पचास लाख |
| ५ | संस्थागत तथा सेवा प्रवाहकायोजना तथा कार्यक्रमहरु (समानिकरण ) | ६७००००० सत्तसठीलाख |
| ६ | प्रशासनिक खर्च नपा चालु | ८९६२०१४२ आठ करोड छयानब्बे लाख बीस हजार एक सय बयालीस रुपैया |
| ७ | प्रशासनिक खर्च वडा चालु | ० |
| ८ | लघुउद्धम कार्यक्रम | ३०००००० तीस लाख |
| ९ | राष्ट्रिय ग्रामिण तथा नविकरणिय ऊर्जा | ७००००० सात लाख |
| १० | विध्यालय क्षेत्रविकास कार्यक्रम | १०२००००० एक करोड दुई लाख |
| ११ | विध्यालय क्षेत्रविकास कार्यक्रम | ४३३००००० चार करोड तेतीस लाख |
| १२ | विध्यालय क्षेत्रविकास कार्यक्रम | ७२००००० बहत्तर लाख |
| १३ | झो.पु | १२००००० बाह् लाख |
| १४ | स्वास्थ्य | २७३००००० दुई करोड त्रिहत्तर लाख |
| १५ | महामारी रोग तथा नियन्यत्रण कार्यक्रम | २००००० दुई लाख |
| १६ | अस्पताल निर्माण तथा व्यवस्थापन | १००००० एक लाख |
| १७ | राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सुचना संचार | १००००० एक लाख |
| १८ | उपचारात्मक सेवा कार्यक्रम | २३००००० तेइस लाख |
| १९ | नर्सिंङ तथा सामाजिक सुरक्षा कार्यक्रम | ७००००० सत्तरी लाख |
| २० | राष्ट्रिय फलफुल विकास कार्यक्रम | १५००००० पन्ध्र लाख |
| २१ | नविकरणिय ऊर्जा | ५००००० पाँच लाख |
| २२ | क्रषी विकास रणनिति तथा अनुगमन तथा समन्वय | ४००००० चार लाख |
| २३ | प्रधानमन्त्री क्रषि आधुनिकिकरण परियोजना | ३९००००० उन्नचालीस लाख |
| २४ | राष्ट्रिय परिचय पत्र वितरण तथा पंजिकरण कार्यक्रम | ३२००००० बत्तीस लाख |
| २५ | सामाजिक सुरक्षा भत्ता वितरण | ७०००००००० सात करोड |
| २६ | संस्क्रति प्रदर्धन कार्यक्रम | ५००००० पाँच लाख |
| २७ | महिला बालवालिका तथा जेष्ठनागरिक कार्यक्रम | ३००००० तीन लाख |
| २८ | राष्ट्रिय खेलकुद विकास कार्यक्रम | १००००० एक लाख |
| २९ | सबैका लागी शिक्षा आधारभुत तह | ५४९००००० पाँच करोड उन्नपचास लाख |
| ३० | माध्यामिक तह | २२५००००० दुइ करोड पच्चीस लाख |
| ३१ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६५००००० पैसठ्ठी लाख |
| ३२ | पशुसेवा | १०००००० दश लाख |

| | | |
|---|---|---|
| ३३ | प्रदेश सरकारको विशेष कोष | ४५०००००  पैतालीस लाख |
| ३४ | प्रदेश सरकारको समपुरक कोष | १४००००००  एक करोड चालीस लाख |
| ३५ | प्रदेश सरकारको सशर्त अनुदान | ७५०००००   पचहत्तर लाख |
| ३६ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १५०००००  पन्ध्र लाख |
| ३७ | स्थानिय पुर्वाधार विकास कार्यक्रम | २००००००० दुई करोड |
| ३८ | स्थानिय पुर्वाधार विकास कार्यक्रम प्रदेश | ५००००००  पचास लाख |
| ३९ | कोभिन १९ को संक्रमण नियन्यत्रण अनुदान | ५०००००  पाँच लाख |
| ४० | कोभिन १९ को संक्रमण नियन्यत्रण अनुदान | २०००००० बीस लाख |
| ४१ | कोभिन १९ को संक्रमण नियन्यत्रण अनुदान | १०००००० दश लाख |
| ४२ | सडक बोर्ड | २५००००० पच्चीस लाख |
| ४३ | सेभ द चिल्ड्रेन किर्डाक नेपाल | ३३२६४८३६ तीन करोड बत्तीस लाख चौसठ्ठी आठ सय छत्तीस रुपैया मात्र |
| ४४ | सेभ द चिल्ड्रेन किर्डाक नेपाल | १५००००० पन्ध्र लाख |
| जम्मा | | ६००६८८७२६ साठी करोड छ लाख अठासी हजार सात सय छब्बीस रुपैया मात्र |

श्रद्धेय पार्षद ज्यूहरु ,

अन्त्यमा यस नगरपालिकाको आर्थिक वर्ष २०७७०७८ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न बस्तीस्तर देखि नगर सभा सम्म सहयोग गर्नुहुने राजनीतिक दल, वडापालिका, स्थानीय समूदाय, नागरिक समाज, शिक्षक बुद्धिजिवि, नगर कार्यपालिका सदस्य र रातदिन नगरको बजेट तर्जुमा कार्यक्रम खटिनु हुने कर्मचारी मित्रहरु लाई हार्दिक धन्यवाद प्रदान गर्दे हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को सक्रमण रोकथाम तथा नियन्त्रणमा राज्य र यस नगरपालिकाले गरेको प्रयासले सार्थकता पाओस भन्दै तिलागुफा नगरवासिहरुमा सामाजिकदूरी कायम गरी नगर र संघीय सरकारबाट प्राप्त निति र मापदण्ड पूर्ण रुपमा पालना गरी आफू सुरक्षित र समुदाय सुरक्षित राख्ने कार्यमा महत्वपूर्ण योग्दान पुयाउनुहुनेछ भन्ने पूर्ण विश्वासका साथ आठौं नगर सभाको पूर्ण सफलताको कामना गर्दे यो बजेट वक्तव्य यही अन्त्य गर्दछु ।        धन्यवाद ॥।

रत्न बहादुर शाही
नगर प्रमुख